# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रादेशिक कार्यालय, जनकपुरधाम

**अधिकृत विक्रेता (डिलरसिप) नियुक्तिका लागि सूचना**

सूचना प्रकाशित मितिः २०८३/०६/०६

यस खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय, जनकपुरधामको "अधिकृत विक्रेता (डिलर) मार्फत खाद्यान्न बिक्री वितरण सम्बन्धी निर्देशिका, २०८१" को शर्त तथा व्यवस्था अनुसार कम्पनीबाट उपलब्ध हुने सामग्रीको बिक्री वितरण गर्न इच्छुक व्यवसायिक फर्म, कम्पनी वा संस्थाहरुले अधिकृत विक्रेता नियुक्तिको लागि कार्यालयमा तपसिल बमोजिमको कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिलः

१. अधिकृत विक्रेता हुन चाहने व्यक्ति वा कम्पनी वा संस्थाहरुले फर्म, कम्पनी वा संस्था दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, गत आ.व.को कर चुक्ता प्रमाण-पत्र, यस आ.व. को कर विवरण दाखिला गरेको फारामको प्रमाण-पत्र, खाद्य वस्तु तथा अन्य वस्तुहरु वितरण गर्न अनुमति प्राप्त गरेको कागजातको छायाँप्रति निवेदन साथ पेश गर्नु पर्नेछ ।

२. अधिकृत विक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरुले बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत विक्रेताले रकम भुक्तानी वा कम्तिमा ६ (छ) महिना म्याद भएको बैंक जमानत दाखिला गर्नुपर्नेछ । तोकिएको म्यादभित्र रकम भुक्तानी गर्नुपर्नेछ । समायावधि भित्र भुक्तानी हुन नसकेको अवस्थामा बाँकी रहेको रकममा प्रति महिना १५% का दरले ब्याज लाग्नेछ ।

३. बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत विक्रेता (डिलर)ले अग्रिम रुपमा रकम भुक्तानी वा कम्तिमा ६ (छ) महिना म्याद भएको बैंक जमानत दाखिला गर्नु पर्नेछ । बैंक जमानत दाखिला गरेको अवस्थामा अधिकृत विक्रेताले बैंक जमानतको म्यादभित्रै बाँकी रकम भुक्तानी गरी सक्नुपर्नेछ अन्यथा कम्पनीले जमानत पेश भएको बैंक मार्फत रकम असुल उपर गरी लिन सक्नेछ ।

४. खाद्यवस्तु वा अन्य वस्तु बिक्री सम्बन्धी प्रतिवेदन कम्पनीले माग गरेको ढाँचामा अधिकृत विक्रेताले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई त्रैमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

५. नियुक्ति भएका डिलरले कम्पनीको खाद्यवस्तु अधिकतम बिक्री मूल्यमा नबढ्ने गरी प्रतिस्पर्धी दररेटमा बिक्री गर्नु पर्नेछ । कम्पनीको गोदामदेखि अधिकृत विक्रेताको गोदामसम्मको दूरी तथा ढुवानी सहजता समेतलाई ध्यानमा राखी कम्पनीले सामानको मूल्य तय गर्नेछ ।

६. खाद्य वस्तु बिक्री गरी दिए वापत अधिकृत विक्रेताले प्राप्त गर्ने बिक्री कमिशन बजार र कम्पनीको अवस्था हेरी कम्पनीले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ र यस सम्बन्धी सम्पूर्ण अधिकार कम्पनी व्यवस्थापनमा निहित रहनेछ ।

*नोटः अधिकृत विक्रेता (डिलरसिप) नियुक्ति सम्बन्धी निर्देशिका, २०८१ बमोजिमको आवेदनको नमूना कम्पनीको वेबसाइट* ***www.fmtc.org.np*** *बाट डाउनलोड गर्न सकिनेछ ।*


**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**

प्रादेशिक कार्यालय, जनकपुरधाम

सम्पर्क नं. ९८५४०२७२४७

इमेलः janakpur@fmtc.org.np, nfcjnk@gmail.com